फिक्कल गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

खाङसाङ, सिन्धुली

बागमती प्रदेश,नेपाल

## आन्तरीक आय संकलन सम्बन्धी कार्यको दरभाउ-पत्र आह्वानको सूचना

**चौथो पटक प्रकाशित मिति : २०८०/०९/२५**

फिक्कल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयले आन्तरीक कर संकलनको लागि आ.व. २०८०।८१ को लागि ठेक्का लगाउनुपर्ने भएकोले **जडिबुटी,कवाडी,वनजन्य बनस्पती र प्रचलित कानुनले निषेध गरे बाहेकका जीव जन्तुको प्वाख,खुर,सिङ र छाला** फिक्कल गाउँपालिका क्षेत्र बाहिर निकासी हुँदा लाग्ने कर उठाउनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले मान्यता प्राप्त निकायबाट इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म वा संस्थाले तोकिएको तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही **चौथो पटक यो** सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दरभाउपत्र पेस गर्नुहुन सार्वजनिक सूचना आह्वान गरिन्छ ।

१. दरभाउपत्र फाराम यस गाउँपालिकाबाट यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र प्रोपाइटर वा निजको अधिकृत प्रतिनिधिबाट रु.१०००।-(रु एक हजार मात्र) दस्तुर तिरी **(पछि फिर्ता नहुने गरी)** फिक्कल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,खाङसाङ,सिन्धुलीवाट खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक निर्माण व्यवसायी एवं व्यक्तिले नियमानुसार कागजात दस्तुर तिरेको रसिद पेश गरी निवेदन दिनु पर्नेछ । निवेदन साथ उद्योग दर्ता प्रमाण पत्र, ठेक्का (इजाजत) प्रमाणपत्र,आयकरको स्थायी लेखा नम्बर, करमा दर्ता भएको प्रमाणपत्र र आ.ब.२०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा निवेदन साथ नेपाली नागरीकताको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. खरिद गरिएका दरभाउपत्र फाराम नियमानुसार भरी सुचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२: ०० बजे भित्र फिक्कल गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय,खाङसाङ,सिन्धुलीमा दाखिला गर्नु पर्नेछ । दाखिला हुन आएका दरभाउपत्रहरु ८ औं दिनको २:०० बजे फिक्कल गाउँपालिका,गाउँकार्यपालिकाकोकार्यालय,खाङसाङ,सिन्धुलीमा उपस्थित दरभाउपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रहोबरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगतै कार्यालय समय भित्र दरभाउपत्र खरिद गर्न र बुझाउन सकिनेछ ।

५. दरभाउपत्र खाम बाहिर दरभाउपत्र नं.,दाखिला गर्ने कार्यालयको नाम,कामको विवरण र दरभाउपत्र दाताको नाम,ठेगाना र फोन नं. स्पष्ट लेखिएको हुनुपर्नेछ ।

६. जमानत वापत कबोल गरेको अकंको ५ % हुन आउने रकम यस गाउँपालिकाको प्राईक कर्मसियल बैक फिक्कल शाखा सिन्धुलीमा रहेको **धरौटी खाता नं. फिक्कल गा.पा. ग-(३) धरौटी खाता ०७८०१०००००००२८८००१७९** मा जम्मा भएको सक्कलै भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा ४५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट फिक्कल गाउँपालिकाको नाममा जारी भएको जमानीपत्र पेश गर्नु पर्नेछ । सम्झौता भएपछि मात्र जमानत बापतको रकम फिर्ता हुनेछ ।

७. दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दुरलाई मान्यता दिइनेछ ।

८. एउटा फर्म वा व्यक्ति को नामबाट खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा व्यक्ति को नाममा दाखिला गर्न पाइने छैन ।

९. दरभाउपत्र दाताले दरभाउपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर सहितको दरभाउपत्र पेश गर्नु पर्नेछ ।

१०. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु दरभाउपत्र दाता स्वयमले बुझाउनुपर्नेछ ।

११. कुनै सर्त राखी पेश गरेको दरभाउ उपर कारवाही हुनेछैन ।

उद्धव बहादुर राना मगर

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१२. सुचना शर्त विपरित भएको, गाउँपालिकाबाट उपलब्ध गराइएको दरभाउपत्र फाराममा कुनै थपघट गरेको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन तथा दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहने छ ।

१३. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

१४. अन्य थप जानकारीको लागि यस गाउँपालिकामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम बोल कबोल अंक | जमानत रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/०८०/०८१ | आन्तरीक आय संकलन(जडिबुटी,कवाडी,वनजन्य वनस्पती र प्रचलित कानुनले निषेध गरे वाहेकका जीव जन्तुको प्वाख,खुर,सिङ र छाला निकासी) सम्वन्धी कार्य | ५,००,०००।- (मु.अ.कर बाहेक) | कबोल अकंको ५% | १०००।- |

२०८०।३।२४

प्रमुख प्रशासकीय अधिकृत

डम्बर बहादुर रजन मगर

प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय ... गाउँपालिका, ... सिन्धुली, बागमती प्रदेश नेपाल २०७३

CamScanner